**HBL** हिमालयन बैंक लिमिटेड **Himalayan Bank Ltd.**

(नेपाल राष्ट्र बैंक बाट "क" वर्गको इजाजत प्राप्त संस्था)
एचबिएल कर्पोरेट बिल्डिङ्ग, कमलादी, काठमाण्डौ
फोन नं. ९७७-१-४२४६२१८, ४२४६२१९, फ्याक्स नं. ९७७-१-४२२२८००
Email: hbl@himalayanbank.com, URL: http://www.himalayanbank.com

को

# सर्वसाधारण समूहको अवितरित हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने कार्यका लागि शिलबन्दी बोलपत्र आब्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७३/१२/१०**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७३/१२/१६**

यस कम्पनीको हकप्रद शेयर निष्कासनको लागि २०७३/०७/२६ गतेबाट २०७३/०८/३० गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा सर्वसाधारण समूह तर्फको जम्मा १,४५,५८० कित्ता शेयर खरिदको लागि आवेदन नपरेकाले प्रचलित नियम कानून तथा नेपाल धितोपत्र बोर्डबाट स्विकृत विवरणपत्रको दफा १४ तथा धितोपत्र निष्काशन निर्देशिका, २०६५ को दफा ७ को उपदफा (८) को प्रावधानलाई आधार मानि उक्त अवितरित रूपमा रहेका शेयरहरू बोलकबोल लिलाम बढाबढ गरी बिक्री गर्ने यस कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरू खरिद गर्न इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरूले मिति २०७३/१२/१६ गते अपरान्ह ३:०० बजे भित्र यस निष्कासनका लागि नियुक्त बिक्री प्रबन्धक श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयां बानेश्वर, काठमाडौंमा आईपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**लिलाम बढाबढद्धारा बिक्री गरिने धितोपत्रको विवरण :**

**सर्वसाधारण समूह तर्फको १,४५,५८० शेयर कित्ता**

**शर्तहरू:**

१. बोलपत्र आवेदन फाराम बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंबाट प्राप्त गर्न सकिनेछ ।
२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रू.१००/- तोकिएको हुँदा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा संस्थाले एउटा शिलबन्दी खामभित्र एउटा मात्र आवेदन पेश गर्नु पर्नेछ ।
३. बोलपत्र फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरमा लेखिएको विवरण फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता प्रदान गरिनेछ । अक्षरहरू केरमेट भएको ठाँउमा दस्तखत गर्नु पर्नेछ साथै विवरणहरू नबुभिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता प्रदान गरिने छैन ।
४. बोलपत्रदाताले बोलपत्र फारममा आफ्नो शेयरधनी नम्बर वा DP ID No./Client No. लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
५. बोलकबोल पेश गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनुपर्नेछ । सो भन्दा माथि १० ले भाग जाने संख्यामा अधिकत्तम् १,४५,५८० कित्ताको लागि आवेदन दिन सकिनेछ । तर साविकका सर्वसाधारणहरूको नाममा रहेको साविक शेयर गणना गर्दा चुक्ता पुंजीको १५ प्रतिशत भन्दा बढि नहुने गरि आवेदन दिनुपर्नेछ ।
६. बोलपत्रदाता ब्यक्ति भएमा १ प्रति फोटो सहित आवेदकले प्रमाणित गरेको नागरिकताको प्रतिलिपी, नावालक भएमा नावालकको जन्मदर्ता र संरक्षकको नागरिकताको प्रमाणित प्रतिलिपी, संगठित संघ/संस्था/कम्पनी भएमा शेयर खरिद गर्ने सम्बन्धमा संचालक समितिको निर्यण, अख्तियारनामाको प्रतिलिपी, कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा कर चुक्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
७. बोलपत्रदाताले आवेदन दिंदा लाहाछाप लगाई शिलबन्दी खाम बाहिर सर्वसाधारण समूह र "हिमालयन बैंक लिमिटेड" उल्लेख भएको हुनु पर्नेछ ।
८. शेयर आवेदन फारम नेपाली र अग्रेजी दुबै भाषामा पूर्ण रूपले भरी सो आवेदन फारम साथ आफुले खरिद गर्न चाहेको शेयरको जम्मा मूल्यको रकम लक्ष्मी क्यापिटल मार्केट लिमिटेड नाममा रहेको लक्ष्मी बैंकको खाता नं.००५३४०१०२३८मा रकम बुझाएको भौचर वा लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको नाममा खिचिएको Good for Payment Cheque वा डाफ्टको सक्कल भौचर संलग्न गर्नुपर्नेछ । साथै Good for Payment गर्दा लाग्ने शुल्क आवेदक स्वयंले ब्यहोर्नु पर्नेछ ।
९. रितपुर्वक प्राप्त बोलपत्रदाताहरू मध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई बिक्री गरिने छ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री आव्हान गरिएको जम्मा शेयर कित्तामा नबढ्ने गरी क्रमशः बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्रि गर्दै जाँदा एउटै मुल्यमा दुई वा दुई भन्दा बढि बोलपत्रहरू पर्न गई बाँडफाँड हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रूपमा शेयर बाँडफाँड गरिनेछ । यसरी समानुपातिक रूपमा बाँडफाँड गर्दा समेत शेयरहरू बाँकी रहन गएमा संचालक समितिको निर्णयानुसार हुनेछ ।
१०. बोलपत्र खरिदका लागि यस कम्पनीका शेयरधनीहरूले आवेदन गरेमा आफ्नो शेयरधनी नम्बर अनिवार्य उल्लेख गर्नुपर्नेछ । साथै रू. १० लाख भन्दा बढि रकमको आवेदन गर्ने आवेदकले अनिवार्य रूपमा प्यान (PAN ) नम्बर आवेदन फारममा खुलाउनु पर्नेछ ।
११. प्राप्त शिलबन्दी बोलपत्रहरू मिति २०७३|१२|१७ गते बिहान ११:०० बजे भित्र जय गणेश कमलादी बेन्क्वेट, कमलादी, काठमाडौं (नेपाल प्रज्ञा प्रतिष्ठानसंगै) मा बोलपत्रवाला वा निजका प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि टेण्डर खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनको बिहान ११:०० बजे खोलिनेछ ।
१२. बोलपत्र आवेदनहरू मध्ये बाँडफाँडमा नपरेका आवेदकहरूको बोलकबोल वापत जम्मा भएको रकम बोलपत्र खोलिएको मितिले एक साता पछि बिक्रि प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, काठमाण्डौं मार्फत फिर्ता भुक्तान गरिनेछ । साथै सो फिर्ता भुक्तान गरिएको रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
१३. म्याद नाघि आएको वा रीत नपुगेको वा कुनै शर्त राखि पेश भएको आवेदन उपर कुनै कारवाही गरिने छैन । साथै बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धमा कुनै बिबाद भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार कम्पनीको संचालक समितिमा हुनेछ ।

**बिक्री प्रवन्धकः**

**लक्ष्मी क्यापिटल मार्केट लिमिटेड**
**Laxmi Capital Market Limited**
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)

(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)
का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७-०१-४७८०२२२, ४७८१५८२, फ्याक्स नं. ९७७ -१-४७८०५८३
Email : info@laxmicapital.com.np~URL: www.laxmicapital.com.np